स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




यस वर्षको हिट फिल्म बन्न लागेको "होस्टेल ३"को प्रदर्शनको १० दिनपछि नयाँ गीत "रक अन" सार्वजनिक गरिएको छ । फिल्मको अन्त्यमा राखिएको यो गीतको व्यापक माग भएपछि युट्युबमा ल्याइएको निर्देशक सशान कँडेलले बताए । गीतमा फिल्मकै प्रमुख कलाकारहरू पारस बम ठकुरी र रिहान गिरीको साथमा समीर काजीको गायन तथा महेश ज्ञवालीको शब्द र संगीत रहेको छ ।

**आजको विचार...**



सामाजिक... *(दुई पेजमा)*

शुक्रऋषि चौलागाई



गत कातिकपछि तीन महिना नेपाली फिल्मको व्यापार निकै उदेकलाग्दो रहृयो । दयाहाङ राई, सौगात मल्ल, विपिन कार्की, प्रदीप खड्का, प्रियंका कार्की जस्ता नाम चलेका कलाकारको फिल्मलाई समेत दर्शकले पत्याएनन् । तीन महिना कुनै फिल्मले अपेक्षित व्यापार नगर्दा फिल्म क्षेत्रमा नै निराशा छाएको थियो । तर, फागुन दोस्रो सातादेखि हलमा दर्शकको चहलपहल बढ्न थालेको छ । महाशिवरात्रिमा आएका तीनवटा फिल्ममध्ये "लाज शरणम्"ले सन्तोषजनक व्यापार गर्‍यो ।


❑ वर्ष ३० ❑ अंक २३१ ❑ २०८१ चैत ४ गते सोमबार 17 March 2025, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## संक्षिप्त समाचार

### आगलागीमा ५१ को मृत्यु

(रासस/एएफपी)

**स्कोप्जे, म्यासेडोनिया,** चैत ३/ उत्तरी म्यासेडोनियाको एक रात्रि क्लबमा आइतबार बिहान आगलागी हुँदा ५१ जनाको मृत्यु भएको त्यहाँको गृहमन्त्रालयले जनाएको छ ।

म्यासेडोनियाका पूर्वी शहर कोकानीस्थित 'क्लब पल्स'मा भएको आगलागीमा परी कम्तीमा ५१ जनाको मृत्यु भएको र १०० भन्दा बढी घाइते भएको गृहमन्त्री पान्स टोस्कोभस्कीले बताएका छन् । डीएनके नामक एक लोकप्रिय हिप-हप जोडी हेर्नको लागि करिब एक हजार भन्दा बढी युवा प्रशंसकहरू भेला भएको र उक्त स्थानमा एक्कासी आगलागी भएपछि उनीहरूको हताहत भएको हो । "कन्सर्टमा 'लाइट इफेक्ट'का लागि प्रयोग गरिने 'पाइरोटेक्निक डिभाइस'को प्रयोगका कारण आगलागी भएको हुन सक्छ," तोस्कोभस्कीले भने । उनीले भने, "ज्वालालले सजिलै ज्वलनशील पदार्थले बनेको छतलाई समात्यो, त्यसपछि आगो पूरै बाक्लो धुवाँसहित हलमा फैलियो। हेलिकप्टरले केही घाइतेलाई राजधानी स्कोप्जेका अस्पतालमा पुर्‍याएको छ । तीमध्ये २७ जनालाई नाउम ओह्रिड्स्की क्लिनिकमा भर्ना गरिएको अस्पतालका चिकित्सक नेबोजा नास्टोभले अनलाइन सञ्चारमाध्यम एसडीकेलाई बताए । एसडीकेका अनुसार स्थानीय समयअनुसार बिहान ३ बजे आगलागी सुरु भएको थियो ।

## पाल्पामा एसइईको तयारी सकियो

# चार हजार ९ सय १० विद्यार्थी परीक्षामा सहभागी हुँदै

**रामचन्द्र रायमाझी**

**पाल्पा, चैत ३/** चैत ७ गतेदेखि हुन लागेको यस वर्षको माध्यमिक शिक्षा परीक्षा अर्थात् एसइई परीक्षाको तयारी पाल्पामा पुरा भएको छ । शिक्षा विकास तथा समन्वय ईकाइ पाल्पाले प्रश्न पत्र र उत्तर पुस्तिका सम्बन्धित स्थानमा पुर्‍याउनेदेखि केन्द्राध्यक्षको नियुक्तिको काम सकेको छ । केन्द्र अध्यक्षका लागि आज अभिमुखीकरण हुँदै छ । ईकाइका प्रमुख प्रेमराज खरेलले अभिमुखीकरण बाहेक एसइईको सबै तयारी पुरा भएको बताए । उनले भने 'परीक्षा केन्द्र, केन्द्राध्यक्ष तोक्नेदेखि प्रश्न पत्र, उत्तरपुस्तिका सम्बन्धित स्थानमा पुर्‍याउने काम सकिएको छ ।'

एक/दुई ठाउँका प्रश्न पत्र भने केन्द्राध्यक्षमार्फ सोमबार पठाइने छ भने केही ईलाका प्रहरी कार्यालयमा पठाइएको प्रमुख खरेलले बताए । उनले भने, 'हामीले सोमबार सबै केन्द्राध्यक्षहरुलाई अभिमुखीकरण तालिम दिदैं छौं, बाँकी काम सकियो ।' परीक्षाको लागि २६ वटा केन्द्र निर्धारण गरिएको प्रमुख खरेलले जानकारी दिए । उनका अनुसार उक्त केन्द्रका लागि




२६ जना केन्द्राध्यक्ष, ३० जना सहायक केन्द्राध्यक्ष, २ सय ४६ निरीक्षक, ५० जना परीक्षा सहायक, ९८ जना विद्यालय सहयोगी र ३ सय ९० जना सुरक्षाकर्मी परिचालन गरिएको छ । यो वर्ष ४ हजार ९ सय १० जना विद्यार्थीले परीक्षाको लागि रजिष्ट्रेशन भरेको शिक्षा विकास तथा समन्वय ईकाइले जनाएको छ । जसमा छात्र २ हजार ३ सय ५८ र छात्रा २ हजार ५ सय ५२ रहेका छन् । गत वर्षको तुलनामा यस वर्ष परीक्षा दिने विद्यार्थी भने बढेका छन् । यहाँ अघिल्लो वर्ष ४ हजार १ सय ८४ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । जसमा नियमिततर्फ ४ हजार १२ र ग्रेडवृद्धितर्फ एक सय ७२ जना रहेको शिक्षा विकास तथा समन्वय ईकाइका परीक्षा शाखाका प्रमुख बमबहादुर थापाले जानकारी दिए । उनका अनुसार ग्रेडवृद्धिका विद्यार्थीहरु धेरै भएकाले यस वर्ष गतवर्ष भन्दा ७ सय २६ बढी विद्यार्थी सहभागी हुन लागेका हुन् । जिल्लाका १९ संस्थागत र १ सय २० सामुदायिक विद्यालयका विद्यार्थीहरुले परीक्षा दिदैं छन् । जसमा सामुदायिकतर्फ ४ हजार ३ सय ८९ विद्यार्थी परीक्षामा सहभागी हुने छन् । जहाँ २ हजार ४४ छात्र र २ हजार ३ सय ४५ छात्रा छन् । यस्तै संस्थागत विद्यालयका ५ सय २१ जना विद्यार्थीहरु मध्ये छात्र ३ सय १४ र छात्रा २ सय ७ जना रहेका छन् । नियमित अन्तगर्तत साधारणतर्फ ३ हजार ५ सय ४ जना विद्यार्थीहरु परीक्षामा सहभागी हुँदै छन् । जहाँ एक हजार ७ सय १५ जना छात्र र एक हजार ७ सय ८९ जना छात्रा रहेको जनाइएको छ । यस्तै प्राविधिकतर्फ २ सय २८ जना रहेका छन् । जहाँ एक सय ३ जना छात्र र एक सय २५ जना छात्रा रहेका छन् ।

यस वर्ष ग्रेडवृद्धिको साधारणतर्फ एक हजार एक सय ३० विद्यार्थी रहेका छन् । जसमा ५ सय १३ छात्र र ६ सय १७ जना छात्रा रहेका छन् । यस्तै प्राविधिकतर्फ ४८ जना रहेका छन् । जसमा छात्र २७ र छात्रा २१ छन् । जिल्लामा सबै भन्दा कम एक सय जना चन्द्र मावि चापपानी केन्द्र र सबै भन्दा बढी ३ सय ५० दरैठाँटी मावि रामपुर केन्द्रबाट परीक्षार्थी सहभागी हुँदै छन् । हरेक जिल्लाको प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला परीक्षा समन्वय समितिले आवश्यक शान्ति सुरक्षा परीक्षा सञ्चालन व्यवस्थापन अनुगमन गर्ने काम गर्नेछ । परीक्षालाई सभ्य एवं भव्य बनाउन परीक्षा समन्वय समितिले सबैलाई आग्रह गरेको छ । उसले परीक्षामा कुनै अमर्यादित गतिविधि हुन नदिन सबैलाई सचेत समेत बनाएको छ । परीक्षा चैत ७ देखि १९ गतेसम्म सञ्चालन हुने छ । परीक्षा तालिका अनुसार आगामी पहिलो दिन अनिवार्य अंग्रेजी, संस्कृत: वेदविद्याश्रमतर्फ- अनिवार्य संस्कृत रचना, अनिवार्य अंग्रेजी मदरसातर्फ - अनिवार्य अरेबिक भाषा अनिवार्य अंग्रेजी अनिवार्य संस्कृत भाषा र साहित्य (वेदविद्याश्रम तर्फ) अनिवार्य नेपालीको परीक्षा हुनेछ । परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म चल्ने छ ।

## कालीगण्डकी नदीमा दुई जना मृत भेटिए



**पाल्पा, चैत ३/**कालीगण्डकी नदीमा दुई जना मृत भेटिएका छन् । जिल्लाको बगनासकाली गाउँपालिकास्थित कालीगण्डकी नदीमा दुई जना मृत भेटिएका हुन् ।

मृत भेटिनेमा सिन्धुलीको गोलाचौर गाउँपालिका -६ का २६ वर्षीय भोजराज अस्लामी मगर र दाङको तुलसिपुर उपमहानगरपालिका-३ का ४५ वर्षीय तेजबहादुर रास्कोटी रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए । मृत भेटिएका दुवै जना कालीगण्डकी करिडोर सडक खण्डमा काम गर्दै आएका मजदुर हुन् । मृतक अस्लामी बगनासकाली गाउँपालिका -६ दर्पुकस्थित कालीगण्डकी करिडोर सडक खण्डको अस्थायी क्याम्पमा बसी सोही सडक खण्डमा डोजर अप्रेटरको काम गर्दै आए थिए । उनी गत फागुन २६ गते बेलुका खाना खाई साथीहरुसँगै क्याम्पमा सुतेकोमा २७ गते बिहान हेर्दा विस्तारामा नभएको र खोजतलास गर्दा ५ दिनपछि शनिबार राती मृत अवस्थामा भेटिएका हुन् ।


**-बाँकी अन्तिम पेजमा...**


## 'शैक्षिक सुधार गरी क्याम्पसको साख फर्काउन्छौं'

**पाल्पा, चैत ३/**त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा नेपाल विद्यार्थी संघको तर्फबाट स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा सभापतिमा उम्मेदवारी दिएका कृष्ण अर्यालले शैक्षिक सुधार गरी क्याम्पसको साख फर्काउन विद्यार्थीहरुले नेविसंघलाई मदान गर्ने बताएका छन् । आइतबार पत्रकारहरुसँगको भेटमा उनले शैक्षिक गुणस्तर वृद्धि गरी खस्कदो क्याम्पसको साखलाई फर्काउन नेविसंघको नेतृत्वमा मात्रै सम्भव रहेकाले विद्यार्थीहरुले मतदान गर्ने बताएका हुन् ।

नेता अर्यालले समय सापेक्षा क्याम्पसको शैक्षिक क्षेत्र सुधार नहुँदा विगतमा शैक्षिक धरोहरको रुपमा पहिचान बनाएको त्रिभुवन बहुमुखी क्याम्पसको गरिमा खस्कदै गएको भन्दै त्यसको सुधारका लागि विद्यार्थी मतदाताले नेविसंघ र अखिल छैठौंको संयुक्त प्यानललाई विजयी बनाउने



विश्वास व्यक्त गरे । उनले क्याम्पसमा अहिले विज्ञान संकायमा विएसी, व्यवस्थापन संकायमा विविए, विविएम मात्र पढाई हुँदै आएको र एमएसी, एमविए, विए,एलएलवि नहुँदा धेरै विद्यार्थीहरु बाहिर जानुपर्ने बाध्यता रहेकाले त्यसको अत्यन्त गर्न आफुहरुले निर्वाचन जित्नुपर्ने बताए । नेता अर्यालले भने 'पाल्पामा राम्रो पढ्ने वातावरण छ, तर शैक्षिक क्षेत्र अस्तव्यस्त हुँदा धेरै विद्यार्थीहरु बाहिर जानु परेको छ, त्यसलाई हामीले रोक्नु छ, यहाँ समय सापेक्षा नयाँ-नयाँ र रोजगारीमुलक विषयहरु ल्याएर चहल-पहल पढाई देशकै नमुना क्याम्पसको रुपमा विकास गर्नु पर्दछ, त्यस्तो भिजन नेविसंघसँग मात्र छ ।' उनले क्याम्पसमा महिला होस्टेल सञ्चालनका लागि पहल गर्ने, साइन्स क्याम्पसमा बोटानिकल गार्डेनको प्रवर्द्धन गर्ने, बताँसेमा रहेको क्याक्पसको खाली जग्गाको सदुपयोग गर्न स्थानीय सरकारसँग समन्वय गरी आन्तरिक स्रोत जुटाई एक सय जना विद्यार्थीहरुलाई पूर्ण छात्रावृत्तिमा अध्ययनको व्यवस्था मिलाउने जस्ता एजेण्डा नेविसंघले ल्याएको बताए ।

आफू यस अघि स्ववियू सभापति हुँदा धेरै हदसम्म क्याम्पसमा हुने शैक्षिक बेतिथिहरु कम गर्न सफल भएको र विद्यार्थीहरुका हक अधिकार कार्यान्वयनमा अनुभूत हुने गरी काम गरेको उनले बताए । नेता अर्यालले पुन: सभापतिमा निर्वाचित भएमा विगतको अनुभवको प्रयोग गरी थप रचनात्मक काममा लाग्ने बताए । क्याम्पस प्रशासनले थेशिसको बेलामा विद्यार्थीहरुलाई धेरै दु:ख दिइरहेको उनले बताए ।


*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## आउने बजेटबाट अपेक्षा

**सरकारले नयाँ बजेट ल्याउने तयारी थालेको छ । विगतमा जस्तै यस वर्ष पनि सरकारले आर्थिक वर्ष २०८२/०८३ का लागि बजेट लेखनको कामलाई अगाडि बढाएको छ । संविधानमा व्यवस्था भए बमोजिम जेठ १५ गते बजेट पेस गर्नुपर्ने प्रावधान छ । बजेटले वास्तवमा आगामी आर्थिक वर्षको आय र व्ययको अनुमानका अतिरिक्त सरकारले अवलम्बन गर्ने सरकारी खर्च र राजस्वका उद्देश्य र नीतिहरूलाई पनि समेट्ने गर्छ । अहिले राष्ट्रिय योजना आयोगले दिएको १९ खर्बको बजेट सिलिङभित्र रहेर अर्थ मन्त्रालय बजेट निर्माणमा जुटेको छ । सरकारले अगामी बजेट कस्तो खालको ल्याउला भन्ने आम चासो छ ।**

**बजेट तर्जुमा गर्दा विभिन्न सरकारी लगायत गैरसरकारी संस्थाहरू र निजी क्षेत्रले समेत चासो दिने गर्छन् र आ–आफ्ना मागहरू प्रस्तुत गर्छन् । सरकार, खासगरी अर्थ मन्त्रालय बजेट तर्जुमाको सन्दर्भमा अहोरात्र खट्ने गर्छ । विभिन्न संघ/संस्था र व्यक्तिहरूसँग परामर्श गर्ने र सुझाव संकलन गर्ने जस्ता काम हुने गर्छन् । आर्थिक परिसूचकहरूको प्रक्षेपण र आर्थिक वृद्धिका लक्ष्य निर्धारण गर्दै बजेटको आकार निर्धारण गरिन्छ । आयोजनाको छनोट र बजेटको आकार निर्धारणमा योजना आयोगले पनि सक्रिय भूमिका खेल्ने गरेको देखिन्छ । जसअनुसार यति बेला मन्त्रालयगत छलफल जारी छ ।**

**आगामी बजेटले नियमित खर्च प्रणालीका निम्ति मात्रै नभएर नेपालको विकास मोडललाई नै परिवर्तन गर्ने, उच्च आर्थिक वृद्धि, पूर्वाधार विकासमा छलाङ तथा नागरिकको जीवनस्तर सुधार हुनुपर्ने जनअपेक्षा छ । उक्त पृष्ठभूमिमा सरकाले आगामी बजेटको रणनीति तयार गर्नु पर्छ । राजस्व संकलनको अवस्था सीमित छ, बाह्य सहयोग अनिश्चित रहँदा सरकारले सामान्य खर्च धान्नका निम्ति पनि आन्तरिक र बाह्य ऋण लिइरहनुपरेको छ । यस्तो अवस्थामा सरकारले अर्थतन्त्रलाई चलायमान बनाइराख्न सन्तुलित बजेट निर्माणमा ध्यान दिन जरुरी छ ।**

### Opinion @ Social Network

थाहा छैन भाग्य लेख्ने को थियो, हर चीज अधुरो नै छोडीदिएछ ।
*(सोनिया थामीको फेसबुक स्टाटस https://www.facebook.com/Soniya.Thami)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामाजिक सञ्जालको दोहोरो प्रभाव



शुक्रऋषि चौलागाई

*भूकम्पपश्चात् अन्तर्राष्ट्रिय संस्थाहरूले ३ अर्ब अमेरिकी डलरको सहायता प्रतिज्ञा गरे । तर नेपालमा पठाइएको सहायतामा अत्यधिक भ्रष्टाचार हुने सम्भावना भएकाले प्रतिज्ञा गरिएको रकम आंशिक मात्र प्राप्त भयो । यसै अवसरमा युनिसेफले नेपालका बालबालिकाहरूलाई अस्थायी आवास र स्वास्थ्य सेवा प्रदान गर्यो । छिमेकी राष्ट्र भारतले पनि अस्थायी आवास र एक अर्ब डलर सहयोग गरेको थियो । चीन, एसियाली विकास बैंक र संयुक्त अधिराज्य लगायत अन्य राष्ट्रहरूले पनि महत्वपूर्ण द्विपक्षीय सहायता प्रदान गरेका थिए । यस्तै, कोभिड–१९ महामारीमा सामाजिक सञ्जालमार्फत अक्सिजन सिलिन्डर र औषधि जुटाउने अभियानले धेरैको ज्यान बचायो । उदाहरणका लागि, खोटाङमा दिक्तेल बजार सामाजिक गुठीले कोभिड–१९ को महामारीबाट बच्न र बचाउनका लागि अक्सिजन लगायतका स्वास्थ्य सामग्री जुटाउन अभियान थालेको थियो ।*

सामाजिक सञ्जाल आजको युगको शक्तिशाली माध्यम हो । नेपालमा फेसबुक, ट्विटर, टिकटक र इन्स्टाग्राम जस्ता प्लेटफर्मले सूचना प्रवाह, मनोरञ्जन र सम्पर्कको आधार मात्र नभई समाजसेवा, जनचेतना र सहयोगको भावनालाई पनि तीव्र बनाएका छन् । तर यसको अर्को पाटो उत्तिकै चिन्ताजनक छ- भावनात्मक ब्ल्याकमेलिङ, सामाजिक दबाब र सामाजिक अभियन्ताको नाममा हुने ठगी । समाजसेवा र जनचेतनाको उज्यालो पक्ष नेपालमा सामाजिक सञ्जालले समाजसेवालाई नयाँ गति दिएको छ । २०७२ सालको महाभूकम्पपछि युनेस्को र संस्कृति मन्त्रालयले आंशिक रूपमा क्षतिग्रस्त भएका पुरातात्त्विक संरचनाहरूको पुनर्निर्माण थालेका थिए । काठमाडौं उपत्यकामा सयौंको संख्यामा ऐतिहासिक भवनहरू ध्वस्त भएका थिए भने आंशिक ध्वस्त हुने भवनहरुको संख्यापनि उत्तिकै थिए । महाभूकम्पपश्चात्, युनेस्कोले बहु-जातीय स्मारकहरूको पुनर्निर्माणका लागि लागत अनुमान १ खर्ब ८६ करोडभन्दा बढी रहेको थियो । धरहराको पुनर्निर्माण २०७५ पुसमा सुरु भयो, प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरे । पुरानो धरहरा पूर्णरूपमा क्षतिग्रस्त भएपछि नयाँ धरहरा २० तल्ला पुनर्निर्माण गरियो । भूकम्पपश्चात् अन्तर्राष्ट्रिय संस्थाहरूले ३ अर्ब अमेरिकी डलरको सहायता प्रतिज्ञा गरे । तर नेपालमा पठाइएको सहायतामा अत्यधिक भ्रष्टाचार हुने सम्भावना भएकाले प्रतिज्ञा गरिएको रकम आंशिक मात्र प्राप्त भयो । यसै अवसरमा युनिसेफले नेपालका बालबालिकाहरूलाई अस्थायी आवास र स्वास्थ्य सेवा प्रदान गर्यो ।

छिमेकी राष्ट्र भारतले पनि अस्थायी आवास र एक अर्ब डलर सहयोग गरेको थियो । चीन, एसियाली विकास बैंक र संयुक्त अधिराज्य लगायत अन्य राष्ट्रहरूले पनि महत्वपूर्ण द्विपक्षीय सहायता प्रदान गरेका थिए । यस्तै, कोभिड-१९ महामारीमा सामाजिक सञ्जालमार्फत अक्सिजन सिलिन्डर र औषधि जुटाउने अभियानले धेरैको ज्यान बचायो । उदाहरणका लागि, खोटाङमा दिक्तेल बजार सामाजिक गुठीले कोभिड-१९ को महामारीबाट बच्न र बचाउनका लागि अक्सिजन लगायतका स्वास्थ्य सामग्री जुटाउन अभियान थालेको थियो । गुठीको आह्वानमा संस्थागत र व्यक्तिगत रुपमा प्राप्त भएको सहयोग रकमबाट ४० लिटर क्षमताको २० वटा अक्सिजन सिलिन्डर, ३ हजार ५ सय थान मास्क र ३५ लिटर सेनिटाइजर संकलन गरी सेवा प्रदान गरेको पाइन्छ । यस प्रकारको सहयोग सबैतिरबाट भएकाले धेरैको ज्यान बचेको थियो । जनचेतनाको क्षेत्रमा पनि सामाजिक सञ्जाल प्रभावकारी बनेको छ । महिला हिंसा र बालविवाहविरुद्धका अभियानले समाजमा ठूलो बहस सिर्जना गरेका छन् । JusticeForNirmala अभियानले निर्मला पन्तको हत्याको विषयलाई राष्ट्रिय मुद्दा बनायो र सरकारमाथि दबाब सिर्जना गर्‍यो । ग्रामीण क्षेत्रमा स्वास्थ्य सचेतनाका लागि टिकटक भिडियोहरूले पनि छोटो समयमै ठूलो प्रभाव पारेको भेटिन्छ । सहयोगको भावनालाई डिजिटल रूप सामाजिक सञ्जालले नेपाली समाजमा रहेको परम्परागत सहयोगको भावनालाई डिजिटल रूप दिएको छ । कुनै व्यक्तिलाई आर्थिक वा स्वास्थ्य संकट परेमा फेसबुकमा सहयोग अभियान सुरु हुन्छ । यस प्रकारको अभियानका उदाहरण लाखौं छन् र हरेक व्यक्तिको फेसबुक वालमा यी उदाहरणहरु देख्न पाइन्छ । स्वयं लेखकले पनि २७ जुन २०१७ मा 'राष्ट्रिय आविष्कार केन्द्र' को लागि १८ लाख ९० हजार रुपैयाँ संकलन गरी दाताको नामावलीसहित दाताकै नाममा जम्मा हुनेगरी महावीर पुनको हातमा नगद दिएको थियो । यो कुरा स्वयं महावीर पुनले आफ्नो फेसबुक वालमा उल्लेख गरेका छन् । यस्ता उदाहरणले सामाजिक सञ्जालको सकारात्मक शक्ति देखाउँछ । भावनात्मक ब्ल्याकमेलिङको अँध्यारो पक्ष सामाजिक सञ्जालको सकारात्मक प्रभावसँगै भावनात्मक ब्ल्याकमेलिङको समस्या पनि बढ्दो छ । मानिसहरूले आफ्नो दु:ख वा समस्यालाई अतिरञ्जित गरेर सहानुभूति र सहयोग बटुल्ने प्रवृत्ति देखिन्छ । कुनै व्यक्तिले बिरामीको उपचारको लागि आर्थिक सहयोगको नक्कली अपिल गर्दै आफ्नो कथालाई अतिरञ्जित गर्छ । तर पछि थाहा हुन्छ, ती व्यक्तिले भनेजस्तो गम्भीर स्थिति बिरामीको हुँदैन र उसले आर्थिक लाभ उठाउनका लागि यो अपिल गरेको हुन्छ । त्यसैगरी, कतिपयले आफ्नो जीवनका दुखद घटनालाई अतिरञ्जित गरी सामाजिक सञ्जालमा पोस्ट गर्छन् र सहानुभूति बटुल्छन् । पछि थाहा हुन्छ, ती घटना वास्तविक थिएनन् र सहानुभूति बटुली अर्थोपार्जन गर्नका लागि झुटो कथा बनाइएको थियो । यस्ता घटनाले सहयोगको भावनालाई दुरुपयोग गर्नुका साथै वास्तविक पीडितप्रति विश्वास घटाएको छ । सामाजिक अभियन्ताको नाममा ठगी सामाजिक सञ्जालमा 'सामाजिक अभियन्ता' को पहिचान बनाएर ठगी गर्ने प्रवृत्ति पनि उत्तिकै चिन्ताजनक छ । केही व्यक्तिले आफूलाई समाजसेवीको रूपमा प्रस्तुत गरी सहयोग संकलन गर्छन्, तर त्यसको दुरुपयोग गर्छन् । संकलित रकमको सही सदुपयोग भयो कि भएन भनी कसैले सोधखोज गर्दैनन् । कुनै कथित अभियन्ताले 'गाउँमा स्कुल बनाउन सहयोग चाहिएको छ' भन्दै फेसबुकमा अभियान चलाउने र गाउँमा स्कुल नबनाउने, 'बाढीपीडितलाई सहयोग' भन्दै पैसा उठाउने तर पीडितसम्म कुनै पनि सहयोग नपुर्याउने जस्ता अनगिन्ती उदाहरण भेटिन्छन् । यी सबैमा सरकारी निकाय मौन छ । यस्ता ठगीका घटनाले सामाजिक सञ्जालको विश्वसनीयतामाथि प्रश्न उठाएको छ ।

**सामाजिक दबाब र मानसिक स्वास्थ्यमा असर:** सामाजिक सञ्जालले सिर्जना गरेको सामाजिक दबाब पनि कम चिन्ताजनक छैन । इन्स्टाग्राममा देखाइने आडम्बरी जीवनशैलीले युवाहरूमा हीनताबोध र तनाव बढाएको छ । काठमाडौं विश्वविद्यालयको एक अध्ययनले ६० प्रतिशतभन्दा बढी किशोर-किशोरी सामाजिक सञ्जालका कारण आफ्नो जीवनप्रति असन्तुष्ट रहेको देखाएको छ । 'ट्रोलिङ' र 'साइबर बुलिङ'ले मानसिक स्वास्थ्यमा गम्भीर असर पारेको छ । २०८० सालमा एक टिकटक स्टार मोनिका ठकुरी नामकी टिकटकरले नकारात्मक टिप्पणीका कारण आत्महत्या गरेकी थिइन् । उक्त घटनाले यो समस्याको गहिराइलाई दर्साउँछ ।

**समाधानको बाटो :** सामाजिक सञ्जालको यो दोहोरो प्रभावलाई हेर्दा यो न पूर्ण वरदान हो, न त अभिशाप । यो एक औजार हो, जसको प्रयोगले नै परिणाम निर्धारण गर्छ । समाजसेवा र जनचेतनाका लागि यसको सकारात्मक प्रयोगलाई प्रोत्साहन गर्न सरकार र नागरिक समाजले संयुक्त प्रयास गर्नुपर्छ ।

सहयोग अभियानमा पारदर्शिता कायम गर्न प्रमाणीकरणको व्यवस्था आवश्यक छ । भावनात्मक ब्ल्याकमेलिङ र ठगी रोक्न कडा कानुन र अनुगमन चाहिन्छ । सामाजिक अभियन्ताको नाममा हुने ठगी रोक्न सामाजिक सञ्जाल प्लेटफर्महरूले कडा नीति लागू गर्नुपर्छ । मानसिक स्वास्थ्यको संरक्षणका लागि डिजिटल साक्षरता अभियान चलाउनुपर्छ । स्कुल-कलेजमा सामाजिक सञ्जालको सही प्रयोग सिकाउने पाठ्यक्रम समावेश गर्न सकिन्छ । अभिभावकले बालबालिकाको अनलाइन गतिविधिमा ध्यान दिनुपर्छ । व्यक्तिगत स्तरमा हामीले सामाजिक सञ्जालको दबाबबाट मुक्त भएर आफ्नो वास्तविक जीवनलाई प्राथमिकता दिनुपर्छ ।

**निष्कर्ष :** नेपालमा सामाजिक सञ्जालले समाजसेवा, जनचेतना र सहयोगको भावनालाई तीव्र बनाएको छ । भूकम्प राहतदेखि महामारी सहयोगसम्मका उदाहरणले यसको सकारात्मक पक्ष देखाउँछन् । तर भावनात्मक ब्ल्याकमेलिङ, सामाजिक अभियन्ताको नाममा हुने ठगी र सामाजिक दबाबले यसको अँध्यारो पक्ष उजागर गर्छ । यो दोहोरो प्रभावलाई सन्तुलनमा राख्न सचेत प्रयोग, नीतिगत सुधार र सामाजिक जागररुकता अपरिहार्य छ । सामाजिक सञ्जाल हाम्रो हातको औजार हो, यसलाई समाज परिवर्तनको माध्यम बनाउने कि दुरुपयोगको कारण, त्यो हाम्रै हातमा छ ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धैर्य र पराक्रममा वृद्धि हुनेछ। कार्यक्षेत्रमा नयाँ कार्य हात लाग्नेछ। | **तुला** : स्वास्थ्यमा ध्यान दिनुपर्ने हुन्छ। आर्थिक पक्ष मजबुत रहनेछ। |
| **वृष** : नयाँ स्थानमा भ्रमणका योग छन्। शत्रुपक्ष कमजोर भएपनि सक्रिय रहनेछन्। | **वृश्चिक**: उल्झेको कार्यहरु सुल्झिनेछन्। कार्यक्षेत्रमा विरोधीहरू सक्रिय रहनेछन्। |
| **मिथुन** :दायित्वको निर्वहनमा बाधा आउनेछ। प्रशासनिक क्षेत्रमा सोचेअनुरूप कार्य नहोला। | **धनु** : विक्रायको लागि दिन उपयुक्त र हनेछ। पारिवारिक मनमुटाव सुल्झिनेछ। |
| **कर्कट** : कृषि वा पशुधनबाट मनग्य लाभ पाइनेछ। विश्वासमा वृद्धि हुनेछ। | **मकर**: सम्मेलनमा सम्मान बढ्नेछ।नयाँ सम्पर्कहरूबाट लाभ मिल्नेछ। |
| **सिंह** : राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ। दाम्पत्य जीवन रमाइलो रहनेछ। | **कुम्भ** : शैक्षिक क्षेत्रमा सहयोग मिल्ला। विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ। |
| **कन्या** : कसैसंग छिटो विश्वास नगर्नुहोला। स्वास्थ्य र खानपानमा सचेत रहनुहोस्। | **मीन** : साहसिक कार्य गर्ने समय रहेको छ। कार्यक्षेत्रमा जिम्मेवारी बढ्नेछ। |

## शिक्षा

# आंगिक क्याम्पस खोज्दै बागमती विश्वविद्यालय

बागमती प्रदेश विश्वविद्यालयमा आबद्ध हुन प्रदेशका जिल्लास्थित क्याम्पसहरूलाई सार्वजनिक सूचना आह्वान गरिएको छ । हेटौँडास्थित प्रदेश विश्वविद्यालय केन्द्रीय कार्यालयले सूचना निकाल्दै विश्वविद्यालयको आंगिक क्याम्पसका रूपमा आबद्ध हुन भनेको हो ।




विश्वविद्यालयले आंगिक क्याम्पसको रूपमा समायोजन भई सञ्चालन हुन आवेदन दिने सूचना जारी भएको बागमती विश्वविद्यालयका उपाध्यक्ष (डिन) डा. कुसुमराज सुवेदीले जानकारी दिए । उनका अनुसार नेपालका कुनै विश्वविद्यालयबाट सम्बन्धन लिई प्रदेशभित्र सञ्चालनमा रहेका क्याम्पसहरूले बागमती विश्वविद्यालयको आंगिक क्यापसको रूपमा संचालन हुनेगरी आवेदन दिन सक्नेछन् ।

बागमती प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा ९(३) र (४), प्रदेश उच्च शिक्षा नियमावली, २०७९ को नियम १७ तथा बागमती प्रदेश विश्वविद्यालयको विधान, २०८१ को दफा ३६ बमोजिम विश्वविद्यालयको आंगिक क्याम्पसको रूपमा सञ्चालित हुन चाहेमा आगामी एक महिनाभित्र प्रस्ताव पेस गर्न सकिने उनले जानकारी दिए । प्रदेश उच्च शिक्षा नियमावली, २०७९ को अनुसूची ५ बमोजिमको ढाँचामा बागमती प्रदेश विश्वविद्यालय संरक्षक समितिको सचिवालय, हेटौँडामा निवेदन दर्ता गराउन सूचनामार्फत आग्रह गरिएको छ ।

विश्वविद्यालयको आंगिक क्याम्पसको रूपमा सञ्चालन हुन क्याम्पस स्थापना/सम्बन्धन स्वीकृति पत्र, क्याम्पसको स्वीकृत विधान, क्याम्पसको गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनलगायत कागजात पेस गर्नुपर्ने डिन डा. सुवेदीको भनाइ छ । आंगिक क्याम्पसको रूपमा सञ्चालन हुन र मातृ विश्वविद्यालयसँगको सम्बन्धन अन्त्य गर्नेसम्बन्धी क्याम्पस सञ्चालक समितिको निर्णय पनि अनिवार्य गरिएको छ । क्याम्पसको वर्तमान अवस्था, सञ्चालित कार्यक्रम, सोअनुसार विद्यार्थी संख्या, शिक्षक कर्मचारीको तहगत (स्थायी, अस्थायी र करार) विवरण, पारिश्रमिक विवरण, शिक्षण शुल्क विवरण, क्याम्पसको आर्थिक, भौतिक सम्पत्ति, आर्थिक दायित्वसमेत खुल्ने प्रोफाइल पेस गर्न आग्रह गरिएको उनले बताए ।

त्यस्तै क्याम्पसमा सञ्चालन हुन सक्ने र चाहेको शैक्षिक कार्यक्रमको सम्भाव्यता अध्ययन प्रतिवेदन पनि माग गरिएको उनले बताए । प्राप्त हुन आएका आवेदनमाथि छानबिन गरी सो स्थानमा सञ्चालन हुन सक्ने शैक्षिक कार्यक्रमहरूको औचित्य, सम्भाव्यता र विश्वविद्यालयको व्यवस्थापकीय पक्ष मध्यनजर गरेर विश्वविद्यालयले क्रमश: आंगिक क्याम्पसको रूपमा ग्रहण गर्ने उनको भनाइ छ । सो कार्यका लागि बागमती प्रदेश उच्च शिक्षा ऐन, २०७८, उच्च शिक्षा नियमावली, २०७९ एवम् विश्वविद्यालयको विधान, २०८१ बमोजिम प्रक्रिया अगाडि बढाइने उनले बताए ।

यसअघि मन्त्रालयले विश्वविद्यालयअन्तर्गत रहनेगरी सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापनाका लागि मापदण्ड पुगेका शैक्षिक संस्थाहरूबाट आवेदन पेस गर्न सूचना जारी गरेको थियो । प्रदेशको सामाजिक विकास मन्त्रालयमातहत रहेको प्रदेश उच्च शिक्षा परिषद्को सचिवालय, हेटौँडाको निर्णयअनुसार विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापनाका लागि आवश्यक पर्ने मापदण्ड तथा पूर्वाधार पुगेका इच्छुक क्याम्पस तथा शैक्षिक संस्थालाई आवेदन माग गरिएको थियो ।

**आगामी भदौबाट अध्यापन थाल्ने तयारी**

बागमती विश्वविद्यालयले आगामी भदौबाट अध्यापन गर्ने गरी काम थालेको छ । हाल विश्वविद्यालयले पाठ्यक्रम निर्माणको कामलाई तीव्र पारेको र विद्यार्थी तथा प्रशासकीय कार्यलाई सहज बनाउन वेबसाइटमार्फत सूचना सञ्चार गर्ने कार्य थालिएको डिन डा. सुवेदीले बताए ।

गत २०८० मा स्थापना भएको प्रदेश सरकारको सार्वजनिक विश्वविद्यालय 'बागमती विश्वविद्यालय' बाट प्रदेशलाई आवश्यक दक्ष जनशक्ति निर्माण गर्ने र उक्त जनशक्तिलाई स्वरोजगार क्षेत्रमा प्रयोग गर्नेगरी प्रयोगात्मक शिक्षामा जोड दिनेगरी पाठ्यक्रम तयार पार्ने काम भइरहेको उनले बताए । आम विद्यार्थी र विश्वविद्यालयमाथि चासो व्यक्त गर्नेबिच अन्तरक्रिया गर्ने र विश्वविद्यालयका प्रगति तथा गतिविधि सार्वजनिक गर्ने उद्देश्यअनुसार विभिन्न छलफल र बसहका माध्यमबाट पाठ्यक्रमलाई व्यवहारिक बनाउने काम भइरहेको उनले बताए । आधुनिक प्रविधिको युगमा शिक्षालाई डिजिटल माध्यमबाट थप प्रभावकारी बनाउने उद्देश्यअनुसार स्थापित उक्त विश्वविद्यालयले तीन संकायका ११ विषयमा अध्यापनको तयारी गरिरहेको छ । विश्वविद्यालयले आगामी आर्थिक वर्षबाट विज्ञान प्रविधि, व्यवस्थापन र शिक्षा तथा सामाजिक संकायमा अध्यापनको तयारी गरिरहेको उनले बताए । विश्वविद्यालयले सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, वातावरण इन्जिनियरिङ र फोहोर व्यवस्थापन, नर्सिङ, बी फर्मा औषधि विज्ञान, जोखिम तथा बीमा व्यवस्थापन, व्यवसाय प्रशासन, सार्वजनिक क्षेत्र व्यवस्थापन, होटल व्यवस्थापन, कला स्नातक र कानुन, एलएलबी ब्याचलर अफ लेजिस्लेटिभ ल, सूचना प्रविधि, बीएडलगायत विषय अध्यापन गराउने तयारी गरेको उनले बताए ।

डा. सुवेदीका अनुसार सैद्धान्तिक ज्ञानलाई व्यावहारिक प्रयोगसँग एकीकृत गरी समग्र शैक्षिक दृष्टिकोणलाई प्राथमिकता दिइएको छ । उच्च-गुणस्तरको शिक्षाप्रति प्रतिबद्धता, अत्याधुनिक स्रोतसाधन, संकाय विकास र अनुसन्धानमा निरन्तर लगानीमा प्रतिबिम्बित रहने उनले बताए । विश्वविद्यालयले आगामी शैक्षिक सत्रदेखि १३ वटा पाठ्यक्रम निर्माण गरी पठनपाठनको तयारी गरेको उनले बताए । गुणस्तरीय, समावेशी र रोजगारमूलक उच्च शिक्षा प्रदान गर्ने लक्ष्यसहित अघि बढेको विश्वविद्यालयले नयाँ अवसर सिर्जना गर्नेगरी काम थालेको उनको भनाइ छ । औपचारिक ज्ञान, अनुसन्धान, नवप्रवर्तन तथा व्यावसायिक शिक्षाको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने गरी छिट्टै नै विश्वविद्यालयअन्तर्गत आंगिक कलेजहरू समावेश गर्न सूचना प्रकाशन गर्ने तयारी भइरहेको उनले बताए ।

**कमजोर भौतिक संरचना**

प्रदेश सरकारले गौरवका आयोजनाहरूको रूपमा निर्धारण गरेर अघि बढाएको विश्वविद्यालयको भौतिक संरचनाको अवस्था भने कमजोर देखिन्छ । राजनीतिक दलहरूबिचको अन्तरद्वन्दमा कारण लामो समय विश्वविद्यालय स्थापना तथा संरचना निर्माणको काम हुन सकेको छैन । प्रदेश सरकारले २०७८ सालमा ऐन जारी गरी प्रदेश विश्वविद्यालय स्थापनाको तयारी थालेको थियो । तयारी थालेको दुई वर्षपछि प्रदेश उच्च शिक्षा परिषद्को कार्यालय स्थापना गरिएको थियो भने तीन वर्षपछि (२०८० वैशाख) बागमती विश्वविद्यालय नामकरण गरी कार्यालय स्थापना गरिएको थियो । विश्व विद्यालयका लागि भौतिक संरचना अभाव हुँदा हेटौँडा-५ मा भाडाको घरमा कार्यालय खडा गर्नेगरी प्रक्रिया अघि बढाइएको छ भने बोर्ड अफ ट्रस्टीको कार्यालय सामाजिक विकास मन्त्रालयसंगैको अस्थायी भवनमा राखिएको छ । प्रदेश सरकारले विश्वविद्यालयका लागि आवश्यक जमिन, भौतिक संरचना तथा प्रशासनिक कार्यालयहरूको व्यवस्थापन गर्न सकेको छैन । बोर्ड अफ ट्रस्टीमा ६ जना सदस्य नियुक्त भई हाल पाठ्यक्रम निर्माणको लागि छलफल भइरहेको छ । विश्वविद्यालयको अध्ययन अध्यापनका लागि आवश्यक भौतिक संरचना तथा क्याम्पसहरूको व्यवस्था भइनसकेको र विश्वविद्यालयमा अध्यापन गराउने संकाय निर्धारणको काम भइरहेको उनले बताए ।

*-रातोपाटी डटकम*


**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

# नेविसंघले 'स्मार्ट शिक्षा नीति' ल्याउन पहल गर्ने



नेपाल विद्यार्थी संघ (नेविसंघ) ले 'स्मार्ट शिक्षा नीति' ल्याउन पहल गर्ने प्रतिबद्धता जनाएको छ ।नेविसंघले पत्रकार सम्मेलन गरी 'स्वतन्त्र विद्यार्थी युनियन' (स्ववियु) को चुनावी घोषणापत्र सार्वजनिक गर्दै हरेक विश्वविद्यालय तथा क्याम्पसमा 'डिजिटल लाइब्रेरी' र 'नि:शुल्क वाइफाइ व्यवस्थापन' का लागि पहल गर्नेसमेत जनाएको छ । विद्यार्थी स्वयम्को सक्रिय सहभागिता र नेतृत्वमा डिजिटल माध्यममार्फत ज्ञान सिर्जना, संग्रह र प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन, अनुसन्धान, रचनात्मक लेखन, शैक्षिक सामग्री निर्माण तथा डिजिटल पुस्तकालय विस्तारलाई प्रोत्साहन गरिने नेविसंघले घोषणा पत्रमा उल्लेख गरेको छ ।

यस्तै, त्रिभुवन विश्वविद्यालयका हालसम्मका सम्पूर्ण शोधपत्र संग्रह गरी अभिलेख निर्माण गर्ने, क्याम्पस परिसरमा सस्तो तथा नि:शुल्क छात्रवास व्यवस्थाका लागि पहल गर्ने, व्यावहारिक शिक्षा सुधार तथा 'पेड इन्टर्नसिप' कार्यक्रम अगाडि सार्नेसमेत नेविसंघले जनाएको छ ।

अध्यक्ष दुजाङ शेर्पाले नेविसंघ विद्यार्थीको हक, हित र मुद्दामा सधैँ झैं इमान्दार रहेको विचार व्यक्त गरे । *-हाम्रोकुरा डटकम*

# उच्च शिक्षा पढ्ने विद्यार्थीलाई पालिकाको अनुदान

सरकारले माध्यमिक तहसम्मको पठनपाठन नि:शुल्क उपलब्ध गराउँदै आएको छ । उच्च शिक्षा पढ्न भने विद्यार्थीले शुल्क भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आर्थिक रूपमा सबल विद्यार्थीले शुल्क तिरेरै भए पनि गुणस्तरीय शिक्षा लिइरहेका छन् । आर्थिक रूपमा विपन्न परिवारका विद्यार्थीले भने बीचैमा पढाइ छाडेर बस्नुपर्ने वा विदेश पलायन हुने गरेको अवस्था छ ।

तर, यसलाई मध्यनजर गर्दै पर्वतको महाशिला गाउँपालिकाले विद्यार्थीलाई अनुदान उपलब्ध गराउन थालेको छ । पालिकाले आवश्यक दक्ष जनशक्ति उत्पादनका लागि उच्च शिक्षा पढ्न प्रोत्साहित गर्ने उद्देश्यले यो कार्यक्रम लागू गरिएको गाउँपालिकाले जनाएको छ । महाशिलाले उच्च मावि, स्नातक वा स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीलाई छुट्टाछुट्टै अनुदान दिइने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवेन्द्र पाण्डेयले जानकारी दिए । उच्च माविमा गणित, विज्ञान तथा नर्सिङ अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रोत्साहनस्वरूप वार्षिक ५० हजार उपलब्ध गराइने उनले बताए । यस वर्ष विपन्न तथा जेहेन्दार विद्यार्थीलाई उक्त अनुदान उपलब्ध गराइने पाण्डेयले जानकारी दिए । यसैगरी, विपन्न तथा असहाय परिवारका विद्यार्थीलाई उच्च शिक्षामा सहज पहुँच पुऱ्याउन मेडिकल, इन्जिनियरिङ, कृषि र भेटेरिनरी विषयमा स्नातक अध्ययन गरिरहेका वा अध्ययन गर्न इच्छुकलाई पनि अनुदान दिइने भएको छ ।



यस्ता विद्यार्थीलाई वार्षिक एक लाख अनुदान उपलब्ध गराइने पाण्डेयले बताए । जतिसुकै सङ्ख्यामा भए पनि स्नातक तहका विद्यार्थीलाई अनुदान दिइने पालिकाले जनाएको छ । गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले आर्थिक अभावका कारण कोही पनि विद्यार्थी गुणस्तरीय शिक्षाबाट वञ्चित नहोऊन् भन्ने उद्देश्यले विद्यार्थी अनुदान कार्यक्रम सञ्चालन गरिएको बताए । उनका अनुसार गाउँपालिकाले मंगलबार एक सूचना जारी गरी १५ दिनभित्र इच्छुक विद्यार्थीलाई पालिकामा सम्पर्क गर्न आग्रह गरिसकेको छ ।

हाल गाउँपालिकामा कृषि, पशु, स्वास्थ्यसम्बन्धी जनशक्ति र गणित तथा विज्ञान पढाउने शिक्षकको अभाव रहेको छ । यसैले यस्ता विषय अध्ययन गर्ने विद्यार्थीलाई वार्षिक एक लाखका दरले चार वर्षसम्म अनुदान दिइने उनले बताए । पालिकामा विज्ञान र गणित पढाउने शिक्षकको अभाव लामो समयदेखि खड्किँदै आएको छ ।

पटक पटक सूचना गर्दा पनि यी विषयका शिक्षक पदपूर्ति गर्न मुस्किल हुने गरेको अध्यक्ष भुसालले बताए । त्यसैले गाउँपालिकाभित्रबाट उच्च शिक्षामा विज्ञान र गणित तथा नर्सिङ पढ्ने विद्यार्थीलाई वार्षिक ५० हजारका दरले चार वर्षसम्म सहयोग गर्ने कार्यक्रमसमेत जनशक्तिकै अभाव टार्न लागू गरिएको उनको भनाइ छ । उक्त सुविधा लिने विद्यार्थीले पढाइ सकिएपछि न्यूनतम दुई वर्ष पालिकामा सेवा गर्नुपर्ने सर्त राखिएको छ । यस्तो अनुदानले विद्यार्थीहरूलाई मासिक शुल्क भुक्तानी र स्टेसनरी खरिदलगायतमा सहजता हुने पालिकाको अपेक्षा छ ।

पछिल्ला केही वर्षयता गाउँपालिकाले शिक्षाको गुणस्तर वृद्धिलाई जोड दिँदै आएको छ । पालिकाका सबै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा पढाइ गर्न थालेपछि पालिकाभित्रका निजी विद्यालयहरू विस्थापित बनेका छन् । जिल्लाका सात पालिकामध्ये महाशिला मात्रै निजी विद्यालय नभएको पालिका रहेको अध्यक्ष भुसालले बताए ।

*-लोकान्तर डटकम*

# भैरहवामा धम्म यात्रा : फूल छरेर भिक्षुको स्वागत



**भैरहवा (रुपन्देही), चैत ३**/पाँच सय जना श्रामणेर (अल्पकालीन भिक्षु)हरूको यात्रा 'धम्म यात्रा' शनिबार भएको छ । भैरहवाको सिद्धार्थ रङ्गशालाबाट सुरु भएको धम्म यात्रा देवकोटा चोक, बैंकरोड, नारायणपथ हुँदै लुम्बिनी गेटमा समापन भएको थियो । लुम्बिनी गेटमा हजारभन्दा बढी स्थानीयले श्रामणेरहरूको स्वागतमा उनीहरूको पाऊमुनि फूल छरेर स्वागत गरेका छन् । धम्म यात्रासँगै श्रामणेरहरूको प्रवज्या कार्यक्रम पनि सम्पन्न भएको छ ।

थाइल्यान्डको धम्मकाय फाउन्डेसनको सहयोगमा अल्पकालीन क्लपुत्र प्रबज्या कार्यक्रम अखिल नेपाल भिक्षु महासैै, थाई भिक्षु महासैको आयोजना तथा लुम्बिनी विकास कोषसहितको सहआयोजनामा लुम्बिनीमा पाँच सय जनालाई प्रवज्या गराइएको थियो । प्रव्रज्या ग्रहण गरेपछि उनीहरू अब श्रावणेर अर्थात् अल्पकालीन भिक्षु बनेका हुन् । श्रावणेर र भिक्षुले धम्म यात्रा गर्दा सर्वसाधारणमा धर्म चच्छु पलाउने, करुणा, मैत्रीभाव उत्पन्न हुने हुँदा यसो गरिएको लुम्बिनी बौद्ध विश्वविद्यालयका उपप्राध्यापक भिक्षु श्रीवजीरले बताए । अल्पकालीन भिक्षुहरूले पहेलो चीवर लगाएर बुद्ध धर्मका १० नियम पालना गर्नुपर्ने छ । सामान्य अनुयायीले पञ्चशील र अष्टशीलको पालना गर्ने भए पनि अल्पकालीन भिक्षुले २० दिनसम्म पूर्ण रूपमा बौद्ध नियममा आफूलाई रूपान्तरण गर्नुपर्ने छ । भिक्षु बन्नका लागि भने दुई सय २७ वटा नियम पालना गर्नुपर्ने छ । धम्मयात्रा शब्द 'धम्म' र 'यात्रा' मिलेर बनेको हो । 'धम्म' को अर्थ कुशल कर्म हो भने 'यात्रा' को अर्थ लाग्नु हो । धम्म यात्राको अर्थ कुशल कर्मतिर लाग्नु वा कुशल कर्मसँगै प्रस्थान गर्नु हो । बुद्ध धर्मका विभिन्न १० वटा शील पालना गरेर उनीहरू श्रावणेर बनेका हुन् । उनीहरूलाई पहेलो चिवर प्रदान गरिएको थियो । यसरी श्रावणेर बनेका व्यक्तिले शील पालना, ध्यानका साथै बुद्ध शिक्षासम्बन्धी कक्षा लिएको भिक्षु श्रीवजीरले बताए । 'प्रवज्या भनेको भगवान् बुद्धले ज्ञान प्राप्त गर्नुभन्दा अगाडि उनले आफ्नो राजपाट र घरगृहस्थ त्याग गरेर सन्यासी हुनुभयो, त्यसैलाई हामीले प्रवज्या भन्छौँ', श्रीवजीरले भने 'प्रवज्या जीवनबाट नै भगवान् बुद्धले आफ्नो ज्ञानको मार्ग सुरु गर्नुभएको थियो ।' नयाँ भिक्षुलाई धार्मिक र आध्यात्मिक शिक्षा दिनका साथै समाजमा सहिष्णुता र समानताको मूल्य स्थापित गर्न र विशेषगरी युवापुस्तालाई प्रोत्साहित गर्न भिक्षु प्रवज्या कार्यक्रम महत्वपूर्ण हुने गरेको छ । धम्मकाय फाउन्डेसनको आयोजनामा भएको धम्म यात्रालाई बौद्ध समाज नेपालले सहजीकरण गरेको थियो । भगवान् गौतमबुद्ध फागु पूर्णिमाको दिन ज्ञानको प्राप्ति गरेकाले फागु पूर्णिमाको नजिक पर्ने गरी गत वर्षदेखि धम्म यात्रा गरिँदै आएको छ । गौतमबुद्ध ज्ञान प्राप्तिपछि बुबालाई भेट्नका लागि फर्किंदा अहिलेको भैरहवा क्षेत्र रहेको स्थानबाट नै फर्केका कारण भैरहवामा धम्म यात्रा गराइएको बौद्ध समाज नेपालका केन्द्रीय अध्यक्ष शंखर गाहाले बताए ।

यसरी प्रवज्या हुनेमा रुपन्देही, पाल्पा, कपिलवस्तु, नवलपरासी, दाङका साथै म्यानमार, थाइल्यान्ड, श्रीलङ्का, इन्डोनेसियालगायत रहेको बौद्ध समाज नेपालका वरिष्ठ उपाध्यक्ष हरिओम विश्वकर्माले बताए । उनले धम्म यात्राका क्रममा श्रामणेरहरूले बुटवल, बुद्ध मावली देवदहलगायत क्षेत्रको पनि भ्रमण गरे जानकारी दिए । लुम्बिनीमा सन् २०११ मा एक हजार, २०१५ मा एक हजार एक सय १२, सन् २०१९ मा एक हजार एक सय १९, सन् २०२३ मा पाँच सय र सन् २०२४ मा एक हजार दुई सय ५० जनालाई प्रव्रज्या गराइएको थियो भने यस वर्ष पाँच सय जनालाई प्रव्रज्या गरिएको छ ।

*-रासस*

## पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड प्रस्तावक रही खास खनिज अन्तर्गत चुनढुंगा उत्खनन् कार्य गर्ने खानी सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८१/१२/०४**

लुम्बिनी प्रदेश अन्तर्गत पाल्पा जिल्ला, माथागढी गाउँपालिका वडा नं. ६ (साविक गोठादी गा. वि. स. २ र ५) स्थित घारी क्षेत्रमा निम्न अनुसारको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड, सेन्ट्रल बिजिनेस पार्क ५०२, पाँचौं तल्ला, थापाथली, काठमाडौं म. न. पा. - ११<br>इमेलः dhungelashok@gmail.com, फोनः +९७७ ९८५१२३२०५३ |
| प्रस्तावकको व्यहोरा | नेपाल सरकार, खानी तथा भूगर्भ विभागबाट खास खनिज अन्तर्गत चुनढुंगा उत्खनन् अनुमति प्राप्त उल्लेखित स्थानमा प्रस्तावित खानी संचालनका लागि खानी तथा भूगर्भ विभागबाट खानी योजना र प्रारम्भिक वातावरणीय परिक्षणका लागि कार्यसूची (TOR) स्वीकृत भैसकेको छ। भौगोलिक अवस्थितिको आधारमा प्रस्तावित खानी टोपो सिट नं. ०९९-१०, स्केल १:२५००० मा पर्ने १२६२ मिटरको उचाई बिन्दु (नियामकः पूर्व ४६५२६५.०० मि. र उत्तर ३०७०५५२.०० मि.) मा रहेको बिन्दुलाई मूल चिन्ह मानी सो बाट पूर्वः २७१० मि., पश्चिमः ५०० मि., उत्तरः ८५० मि. र दक्षिणः १७५० मि. भित्र जम्मा ८.३४ वर्ग कि. मि. को क्षेत्रमा फैलिएको छ। लिज क्षेत्र ८.३४ वर्ग कि. मि. भित्र ९.११ हेक्टर क्वारी क्षेत्र (नेपाल सरकारद्वारा व्यवस्थित राष्ट्रिय वन क्षेत्र ८.४५ हेक्टर, निजि जग्गा ०.६६ हेक्टर) बाट दैनिक ३००० टन चुनढुंगा सतही उत्खनन् गर्नु यस प्रस्तावको उद्देश्य हो। प्रस्तावित खानीबाट वार्षिक सरदर ३०० दिन Semi Mechanized Conventional mining with drilling and blasting operation उत्खनन् विधिबाट चुनढुंगा उत्खनन् गरिनेछ। |
| प्रभाव पर्न सक्ने जिल्ला / नगरपालिका / गाउँपालिका | माथागढी गा. पा.- ६, पाल्पा जिल्ला स्थित घारी क्षेत्र |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको न. पा. /गा. पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, सवास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड, सेन्ट्रल बिजिनेस पार्क ५०२, पाँचौं तल्ला, थापाथली, काठमाडौं म. न. पा. - ११<br>इमेलः dhungelashok@gmail.com, फोनः +९७७ ९८५१२३२०५३ |
| परामर्शदाताको नाम र ठेगाना | गिफ कन्सल्टेन्सी प्रा. लि., बालकुमारी, ललितपुर म. न. पा. - ९<br>फोनः ०१-५१८६३०८<br>इमेलः giefconsultancy147@gmail.com |

## खेलकुद समाचार

### पीएम कप :कोशीको पहिलो जित



**काठमाडौं,** चैत ३/बलिङमा शानदार प्रदर्शन गर्दै कोशी प्रदेशले प्रधानमन्त्री कप पुरूष राष्ट्रिय क्रिकेट प्रतियोगितामा पहिलो जित निकालेको छ। एक्स्ट्राटेक ओभल मैदानमा भएको खेलमा कोशीले गण्डकी प्रदेशलाई ९ विकेटले हराएको हो ।

गण्डकीले दिएको ३२ रनको झिनो लक्ष्य कोशीले ८.२ ओभरमा १ विकेट गुमाएर पूरा गऱ्यो । शाकिब हक १६ रनमा अविजित रहे । चिराग साहले १० रन बनाए । गण्डकीका सुवास भण्डारीले १ विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको गण्डकी ३१ रनमै अलआउट भएको छ । कुनैपनि ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । अर्जुन कुमालले सर्वाधिक ९ रन बनाए भने सुजन गौतम ६ रनमा अविजित रहे ।

गण्डकीलाई ३१ रनमै अलआउट गर्न बिपिन महतोले ८ ओभरमा १७ रन दिएर ६ विकेट लिए । फिर्दोश अन्सारीले ३ तथा दिपेश कँडेलले १-१ विकेट लिए । यस जितसँगै कोशी प्रदेशले पाँचौं खेलमा आएर अंकको खाता खोलेको छ ।

## कालीगण्डकी नदीमा...

...अस्लामीले मोबाईल विस्तारामा नै छोडेर गएको र सिसिटिभी फुटेज हेर्दा राती क्याम्पबाट बाहिर निस्किएको देखिएकाले खोजतलास गर्ने क्रममा माईचौरस्थित कालीगण्डकी नदीमा मृत अवस्थामा फेला पारिएको प्रहरीले जनाएको छ ।

यस्तै कालीगण्डकी नदीमै मृत फेला परेका रास्कोटी राम्दी-रानीमहल निर्माणाधिन कालीगण्डकी करिडोर सडकमा लेवर काम गर्दै आएका थिए । उनी नदीको किनारमा नुहाउने क्रममा डुबेर बेपत्ता भएका थिए । उनलाई खोजतलास गर्ने क्रममा घटनास्थलदेखि दुई सय मिटर तल पानीमा मृत अवस्थामा फेला पारिएको प्रहरी नायव उपरीक्षक मल्लले बताए । प्रारम्भिक अनुसन्धानपछि अस्लामीको शवलाई पोष्टमार्टमको लागि टिचिङ अस्पताल काठमाडौं र रास्कोटीको शवलाई जिल्ला अस्पताल पठाइएको छ । दुवै घटनाको विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्सेमा दोहोरो अंकले गिरावट



**पाल्पा, चैत ३/** साताको कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज ( नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक २१ दशमलव ६३ अंकले घटेर दुई हजार ७१४ दशमलव ८५ को विन्दुमा झरेको छ । आइतबार ३१६ कम्पनीका एक करोड ३९ लाख ७४ हजार ४५२ कित्ता शेयर ७९ हजार ३१ पटक खरिद बिक्री हुँदा रू छ अर्ब ८३ करोड ६६ लाख ४० हजार ४०७ बराबरको कारोबार भएको छ । सोहि दिन व्यापार समूह चार दशमलव ९२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । विकास बैंक समूहको उपसूचक सबैभन्दा धेरै दुई दशमलव २५ प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ८०, वित्त एक दशमलव ३९, होटल तथा पर्यटन शून्य दशमलव ५३, जलविद्युत् एक दशमलव २९, लगानी एक दशमलव ७२, जीवन बीमा एक दशमलव ०६, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०१, लघुवित्त शून्य दशमलव ८८, म्युचुअल फन्ड शून्य दशमलव ०४, निर्जीवन बीमा शून्य दशमलव ७२ र अन्य समूह एक दशमलव ५२ प्रतिशतले घटेको छ ।

सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज सबैभन्दा धेरै आठ दशमलव १९ प्रतिशतको वृद्धि देखिएको छ । ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य सात दशमलव ९१ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू ५८ करोड ६६ लाख आठ हजार तीन सय ४८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै घलेम्दी हाइड्रो लिमिटेडको ११ लाख ९३ हजार नौ सय ३७ कित्ता शेयर किनबेच भएको छ ।

## शैक्षिक सुधार गरी क्याम्पसको...

...स्ववियू सभापतिमा निर्वाचित भएको खण्डमा थेशिसमा अहिले रहेको समस्या समाधानको लागि पहल गर्ने उनको भनाई छ । उनले पुस्तकविनाको लाइब्रेरीको न्याक, पानीविनाको शौचालय, राजनीति गरिरहेका प्राध्यापक र कर्मचारी आफ्नो क्याम्पसको मूल समस्या रहेको बताए ।

नेता अर्यालले आफूले देखेका यी समस्या समाधान र क्याम्पसलाई उत्कृष्ट बनाउन पुनःउम्मेदवारी दिएको उल्लेख गरे । रिसर्चको लागि अनुदान र पारिश्रमिकसहितको इन्टर्नसीप र विद्यार्थीमैत्री भौतिक संरचनाको निर्माण नेविसंघका चुनावी एजेण्डा रहेको उनले बताए । ग्लोबलाईजेशनको युगमा, प्रविधिमा र विज्ञानमा देशका धेरै क्याम्पसहरुले जुन फड्को मारेका छन् त्यति हाम्रो क्याम्पसले गर्नसकेको छैन । त्यसकारण यसमा थप योगदान दिनुपर्ने अवस्था आएको उनको भनाई छ । 'क्याम्पसको भौतिक अवस्था, गुणात्मक अवस्था, यो भित्रका प्राध्यापक र कर्मचारीहरुको नियुक्तिको उचित मापदण्डदेखि लिएर क्याम्पसलाई राजनीतिकरणबाट मुक्त गर्नुपर्छ भन्ने नेविसंघको स्पष्ट धारणा छ ' नेता अर्यालले भने 'हामीले अहिले भन्नैपर्दा क्याम्पसको अवस्थालाई हामीले प्रतिस्पर्धी बनाउने, रिसर्च बेसमा बनाउने, विश्व बजारमा प्रतिस्पर्धा गर्ने शिक्षा, ई-लर्निङ, डिजिटल एजुकेशन सबै क्षेत्रमा पहुँच बढाउनका लागि क्याम्पसलाई त्योखालको गरिमामा उठाउन चाहान्छौं ।'

श्रममा विश्वास गर्न सक्ने गुणस्तरीय शिक्षा, प्रविधियुक्त शिक्षा, व्यवहारिक शिक्षामा नेविसंघले जोड दिएको पनि उनले बताए । अर्यालले भने 'श्रममा विश्वास गर्ने वैज्ञानिक शिक्षालाई बढावा दिनु जरुरी छ । एमएस्सी, बिई पास गरेर कृषिकर्म गर्ने हुन्न भन्ने जुन किसिमको कन्सेप्ट छ, यसलाई अन्त्य गरेर जीवनलाई व्यवहारिकतिर लैजानुपर्छ र समाजलाई मैले योगदान दिनुपर्छ भन्ने शिक्षाको विकास हुन जरुरी छ । समयमै भर्ना, समयमै परीक्षा र समयमै नतिजा प्रकाशन हुन सकेको छैन । त्रिविको क्यालेण्डर कार्यान्वयनमा पनि जोड दिनुपर्ने छ ।'

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई